१३औं नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा १७ देशका ४९ चलचित्र

हिमालय टाइम्स
काठमाडौं, १० फागुन

कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेसन र विलक्षण कियसन प्रा.लि.को आयोजना एवं चलचित्र विकास बोर्डको सह-आयोजनामा '१३औं नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०२५' शुक्रवारबाट काठमाडौंमा सुरु भएको छ। काठमाडौंको भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डमा यो महोत्सव आज (आइतवार)सम्म जारी रहनेछ।

यो महोत्सवमा नेपालसहित १७ देशका ४९ वटा चलचित्र सहभागी छन्। जसमा दुई चलचित्र अप्रतिस्पर्धी र बाँकी ४७ चलचित्र प्रतिस्पर्धी रुपमा छन्।

कार्यक्रमका प्रमुख अतिथि चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, विशेष अतिथिहरू नेपाल पर्यटन बोर्डका निर्देशक सूर्य थपलिया, नेपाल चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुलीलगायतले महोत्सव उद्घाटन गर्नुभएको थियो।

महोत्सवकी अध्यक्ष डा.मञ्जू मिश्रले अफ्रिकासंग नेपाललाई चलचित्रबाट जोड्न १४ वर्षअघिबाट नेपाल अफ्रिका चलचित्र महोत्सव नेपालमा नियमित रुपमा आयोजना गर्दै आएको जानकारी दिनुभयो। यो वर्षबाट अफ्रिकाको सँगै अन्य देशका अन्तर्राष्ट्रिय चलचित्रसमेत महोत्सवमा समावेश गरिएको उहाँले बताउनुभयो

महोत्सव निर्देशक डब्बु क्षत्रीले अन्तर्राष्ट्रिय स्तरका चलचित्र महोत्सव गर्न निकै यहाँ कठिन हुने गरे पनि चलचित्र विकास बोर्डको केही सहयोगले महोत्सव गर्न धेरै सहज भएको बताउनुभयो। यसपटक महोत्सवमा भारत, बंगलादेशलगायत मुलुकका चलचित्रकर्मी सहभागी भएको पनि उहाँले जानकारी गराउनुभयो।

महोत्सवका उद्घाटन समारोहमा गायक डेभिड शंकर, नेपाल प्रहरीमा अढाई दशकदेखि टेली चलचित्र निर्देशक, लेखक, कलाकारका रुपमा सेवारत वरिष्ठ प्रहरी नायब निरीक्षक सन्तोष लामा, गायकहरू सुरज पौडेल र सुवास महतलाई सम्मानित गरिएको थियो।

महोत्सव उद्घाटन चलचित्रको रूपमा रौनक विक्रम कंडेल निर्देशित एवं सिनेमा आर्टसद्वारा निर्मित चलचित्र द रेड र मोरक्कोको मोहम्मद डवानी निर्देशित अफ्रिकन चलचित्र जैद प्रदर्शन गरियो थियो। महोत्सवमा शनिवार पहिलो दिन चलचित्र छक्का पञ्जा ५, ऐंचो-पैंचोसहित एक दर्जन लामा छोटा चलचित्र प्रदर्शन गरिएको छ।

सर्जक अमर बान्तुका एक साथ पाँच गीतका भिडियो सार्वजनिक

हिमालय टाइम्स
काठमाडौं, १० फागुन

स्रष्टा अमर बान्तुका एक साथ पाँच गीतका भिडियो सार्वजनिक गरिएको छ। शनिवार काठमाडौंको कमलपोखरीस्थित सिटी सेन्टरमा एक भव्य समारोहबीच मिलाप मासिकको आयोजनामा गीतकार, संगीतकार, गायक एवं कवि बान्तुका पाँच गीतको भिडियो सार्वजनिक गरिएको हो। समारोहमा 'हरपल हरक्षण', 'माया हल्का हल्का', 'मनको फुलवारी', 'सम्बन्ध' र तिम्रै प्रवाह' गीतका भिडियो सार्वजनिक गरिएको थियो। सबै गीतका भिडियोलाई शान थापाले निर्देशन गर्नुभएको हो।

'हरपल हरक्षण'मा शब्द एवं संगीत अमर बान्तुको रहेको छ भने स्वर मनोज थापा र सुनिता थेगिमको छ। यस्तै 'हल्का हल्कमा' पनि शब्द एवं संगीत अमर बान्तुको छ भने सत्यराज आचार्य र सहिमा श्रेष्ठले स्वर दिनुभएको थियो। त्यस्तै 'मनको फुलवारीमा पनि शब्द एवं संगीत अमर बान्तुको छ भने स्वर सारिका घिमिरे र बिसी राईको छ। यस्तै, 'सम्बन्ध'मा एसी कोइराला शब्द, संगीत अमर बान्तुको छ भने स्वर प्रताप दासको छ। त्यस्तै 'तिम्रै प्रवाह'मा अमर बान्तुको गायन, शब्द र संगीत रहेको छ। यो गीतको भिडियोमा बान्तुलाई भावना राईले अभिनयमा साथ दिनुभएको छ। सबै गीतका भिडियोलाई दिनेश पराजुलीले छायांकन गर्नुभएको हो।

गीतसंगीत, साहित्य तथा समाजका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको पाँच सयको हाराहारीमा उपस्थिति रहेको समारोहमा मिलापका सम्पादक कृष्ण भुसालको सभापतित्व रहेको थियो भने पूर्वमन्त्री एवं गीतकार एसपी कोइरालाले स्वागत मन्तव्य राख्नुभएको थियो। पूर्वमन्त्री एवं गीतकार कोइरालाले स्वागत मन्तव्य राख्दै बान्तु बहुआयामिक व्यक्तित्व भएको भन्दै उहाँमा विलक्षण प्रतिभा रहेको बताउनुभयो। 'हामी भोजपुरे हौं, लामो समयदेखि एकअर्कालाई चिन्छौं, बान्तुमा कवि व्यक्तित्व जति शसक्त छ गीत लेखन र संगीतमा पनि अव्वल भएको म पाउंछु', कोइरालाले भन्नुभयो।

भीम विराग प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले गीतसंगीत साहित्यले मानिसलाई जोड्ने बताउँदै कवि बान्तुका बारेमा लेख्नुभएको कविता वाचन गर्नुभएको थियो।

त्यस्तै गीतकार संघका अध्यक्ष वसन्त बित्यासी थापाले बान्तुले गीतकारको अक्षय कोष स्थापना गरेर ठूलो कार्य गरेको सम्झना गर्दै उहाँको व्यक्तित्वको चर्चा गर्नुभएको थियो। निर्देशक एवं नायिका दीपाश्री निरौलाले बान्तुको एउटा गीतमा आफूले पनि अभिनय गरेको सम्झना गर्दै उहाँ सर्वप्रिय व्यक्तित्व भएको चर्चा गर्नुभयो। 'मैले एउटा उहाँको गीतमा अभिनय पनि गरेकी छु, अमर बान्तु सबैका प्रिय व्यक्तित्व हुनुहुन्छ। गीतकार एवं कविका रूपमा चिनिनुभएका बान्तु संगीतकारका रूपमा रहेको र अभिनय पनि उत्तिकै सशक्त छ', निर्देशक निरौलाले भन्नुभयो।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)का पूर्वअध्यक्ष एवं साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले बान्तुको लेखनमात्र नभएर कविता वाचनकला पनि सशक्त रहेको जिकिर गर्नुभयो। 'उहाँ गीत कविता लेखनमा जति सशक्त हुनुहुन्छ, वाचनमा पनि आफ्नै मौलिकता रहेको छ', लेकालीले भन्नुभयो।

वरिष्ठ गीतकार गीतकार राजेन्द्र थापाले धेरै पत्रै पत्रमा बान्तुको खुबी रहेको बताउँदै उहाँलाई 'सयपत्री' नाम दिन्छु भन्नुभयो। गीतकार संघमा उहाँको सहयोगको चर्चा गर्दै वरिष्ठ गीतकार थापाले बान्तुले समाजका विविध क्षेत्रका पाटोलाई साहित्यमार्फत प्रस्तुत गरेको धारणा राख्नुभयो।

आफ्ना केही भावी योजना सुनाउँदै स्रष्टा बान्तुले सबैको साथ, सहयोग र आर्शिवादका लागि धन्यवाद दिनुभएको थियो। 'एकल अकेस्टिक कविता वाचन, एकल अकेस्टिक सांगीतिक सांझ र आठो वायोग्राफी प्रकाशन गर्ने भावी कार्यक्रम छन्,' उहाँले जानकारी गराउनुभयो।

मिलापका सम्पादक कृष्ण भुसालले बान्तुका विविध पक्षको चर्चा गर्दै उहाँका कार्य सामाजका लागि उदाहरणीय भएको जिकिर गर्नुभयो। बान्तुका गीतमा जीवनको वास्तविकता, समवेदना र दर्शन पाइने सम्पादक भुसालको भनाइ थियो। विगत १५ वर्षदेखि निरन्तर मासिक रूपमा मिलाप प्रकाशन गर्दै आएको र पब्लिकेशनमार्फत अन्य केही कृति पाठकमाझ ल्याएको उहाँले जानकारी गराउनुभयो। हालै मिलापकी कार्यकारी सम्पादक गीत अधिकारीको 'मेरा कलमका डोबहरू पाठकमाझ ल्याएको जानकारी गराउदै उहाँले चाडै गीतकार जनक रावलको गीतिसंग्रह पाठकमाझ ल्याउने तयारीमा रहेको बताउनुभयो। गीतकार एवं कुशल प्रस्तोता नरेश भट्टराईले सहजीकरण गर्नुभएको सो समारोहमा स्रष्टा बान्तुलाई मिलाप आवरण सम्मान अर्पण गरिएको थियो। एक हजारभन्दा बढी गीत रचना गर्नुभएका बान्तुका १५० भन्दा बढी गीत रेकर्ड छन्। उहाँका केही गीत करोडौं क्लबमा पनि छन्।

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८१/११/११

यस शाखाबाट मिति २०८१।०९।२१ मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको **Website: http://www.bolpatra.gov.np/egp** मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभुतरुपमा प्रवाहग्राही भई न्यूनतम मूल्याइित तपसिलमा उल्लेखित बोलपत्रदाता छनौट भएको हुदा **सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३)** बमोजिम स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि.नं.	कार्य विवरण	ठेक्का नं.	छनोट भएको बोलपत्रदाता	स्वीकृत रकम रु (without Vat and PS)
1	500mm and 400mm Pipe Protection Works	12/NWSCPKR/WORKS/ 2081-082	Blue Brick Construction Pvt.Ltd, Annapurna-3, Kaski	**22,28,250.00**

Bagmati Rural Municipality
Office of Rural Municipal Executive
Jhurjhure, Makwanpur
Bagmati Province, Nepal

Invitation of Electronic Bid for Procurement of Goods

Date of Publication: 2081/11/11

Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites electronic bids from eligible bidders for the procurement of following items under Sealed Quotation Procedures specified in Public Procurement Act, 2063 and Regulations, 2064-Rule- 84. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality, Jhurjhure-04, Makwanpur, Tel: 9849162772/ 9765744115, website: **http://bagmatimunmakawanpur.gov.np/** or may visit PPMO e-GP system: **https://www.bolpatra.gov.np/egp/**

Contract ID number/ IFB No.	Description of Particulars	Estimated Amount Exclusive VAT (NRs.)	Amount for Bidding Document (NRs.)	Amount of Bid Security (NRs.)
BRM/SQ/GOODS/ 001/2081/082	Supply, Delivery and Testing of Power Chaff Cutter at Bagmati Rural Municipality, Makwanpur	17,60,000/-	1,000/-	40,000/-

Note: Above item is non-vatable so bid price submitted in PPMO e-GP system and Price Schedule of Goods without VAT will be considered during evaluation of Bid.

Chief Administrative Officer

सडक डिभिजन जुम्ला

आर्थिक प्रस्ताव खोल्ने तथा बोलपत्र स्वीकृति सम्बन्धि सूचना

(सूचना प्रकाशित मितिः २०८१/११/११)

यस सडक डिभिजनद्वारा मिति २०८१।०८।२८ हिमालय टाईम्स राष्ट्रिय दैनिक र मिति २०८१।०९।२१ प्रक्षेपण दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना नं. क्रमशः ०३/०८१/८२ र ०४/०८१/८२ अनुसार रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्यांकन गरिदा तालिका नं. १ को बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) ३१, उपनियम(ज) को दफा ५ बमोजिम तपसिलको स्थान, मिति र समयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।साथै सूचना नं. ०४/०८१/८२ अनुसार रीतपूर्वक पेश हुन आएका अन्य बोलपत्रहरुको नियमानुसार मूल्यांकन गरिदा तालिका नं. २ को बोलपत्रदाताहरुको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित रहेको पाईएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतको लागि सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ।

स्थानः- सडक डिभिजन जुम्ला **मितिः- २०८१।११।१८ गते** **समयः- १.०० बजे**

तालिका नं.-१

(सूचना नं. ०३/०८१/८२) को				(सूचना नं. ०४/०८१/८२) को
Contract No. RDJML/337310113/ 081/82-14	**Contract No.** RDJML/337310113/ 081/82-16	**Contract No.** RDJML/337310113/ 081/82-17	**Contract No.** RDJML/33701138/ 081/82-23	**Contract No.** RDJML/337011384/ 081/82-26
1. Gangamala-Divya-Karnali JV, Birendranagar, Surkhet 2. DLNC-KB JV, Kalikot	1. Gangamala-Ibhana JV, Birendranagar, Surkhet 2. Khadka & Sons Construction Pvt. Ltd., Jumla	1. Shandar Nirman Sewa, Dang 2. Khadka & Sons Construction Pvt. Ltd., Jumla 3. DLNC-SNS JV, Kalikot	1. JETHIBADA/JIGME JV, Jumla 2. Puskar Nirman Sewa, Rolpa 3. Tirtha and Rajya Rijan Nirman Sewa, Mugu 4. Gangamala - Divya and Kalika JV, Surkhet 5. Sujal-Nishan JV, Banke 6. Gura-Aahana-Asian JV, Jumla 7. SB/SARASWATI JV, Surkhet 8. Lumbini -Public-Satyam JV, Kathmandu 9. RR-KRISHU JV, Rasuwa	1. K & J -Sanatan JV, Bhaktapur 2. ANS-BK-GNS JV, Mahat-6, Jumla

तालिका नं.-२

S. N	Contract Number	Descriptions of Work	Name and address of Contractor	Quoted Amount NRs. (Including VAT & PS)
1	RDJML/337310113/081/82-27	Road Side Maintenance Works along Karnali Highway (NH58-015) Dahikhola-Khulalu Section, Kalikot	Anarupa Nirman Sewa and Suppliers, Mahabai-5, Kalikot	1,474.392.55
2	RDJML/337310113/081/82-28	Road Side Maintenance Works along Karnali Highway (NH61-003) Khulalu- Manma Section, Kalikot	Hamro Nirman Sewa, Kalikot	2,426,905.25
3	RDJML/337310113/081/82-29	Road Side Maintenance Works along Karnali Highway (NH61-004) Manma-Nagma Section, Kalikot	Hamro Nirman Sewa, Kalikot	5,165,035.08
4	RDJML/337011364/081/82-30	Road & Traffic Safety Works along Karnali Highway NH61, (Nagma-Jumla Khalanga Section), Jumla	Barista Nirman Sewa, Chandannath-10, Jumla	2,921,389.00

डिभिजन प्रमुख

हिमवतखण्ड कला-साहित्य-संस्कृति सम्मिलन तयारी

गुफादेखि मानव सभ्यतासम्मको इतिहासको भू-भाग हो हिमवतखण्ड : प्रधानमन्त्री

हिमालय टाइम्स
काठमाडौं, १० फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले हिमवतखण्ड गुफादेखि मानव सभ्यतासम्मको इतिहासको भू-भाग भएकाले यस भूखण्डको कला-साहित्य-संस्कृतिलाई समेटेर अन्तर्राष्ट्रियस्तरको सम्मिलन हुन लागेकामा खुशी प्रकट गर्नुभएको छ। प्रधानमन्त्री निवास, बालुवाटारमा शुक्रबार मदन भण्डारी कला-साहित्य प्रतिष्ठानद्वारा आयोजना हुने 'हिमवतखण्ड कला-साहित्य-संस्कृति सम्मिलन-२०८१' को आयोजक समिति र सल्लाहकारसहितको परामर्श बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मौलिक संस्कृति नै नेपाली जग भएको बताउनुभएको हो।

उहाँले यसै हिमवतखण्ड भूखण्डबाट ज्ञान, योग र दशनको प्रादुर्भाव भएको प्रसंग उल्लेख गर्दै धर्तीको यो भू-भाग जैतायुगदेखि नै औपधि विज्ञानसम्मको आरम्भ भएकाले यसको गौरवलाई विश्वव्यापीकरण गर्नुपर्नेमा जोड दिनुभयो। आगामी चैत १ देखि ३ गतेसम्म काठमाडौंमा हुने सम्मिलनमा नेपाल, भारत, म्यान्मार, भूटान, चीन, थाइल्याण्डलगायत देशका गरी करिब पाँच सय स्रष्टाहरूको सहभागिता रहनेछ। यसअघि २०७६ मा काठमाडौंमा यस प्रकारको पहिलो सम्मिलन भएको थियो।

सम्मिलनमा सिक्किमका पूर्वमुख्यमन्त्री एवं साहित्यकार पवन चाम्लिङले नेपाली भाषाको अन्तर्राष्ट्रिय आयमबारे प्रचवन दिनुहुनेछ। कार्यक्रमको उद्घाटन पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबाट र समापन प्रधानमन्त्री एवं प्रतिष्ठानका प्रमुख संरक्षक ओलीबाट हुनेछ। सम्मिलनको पहिलो दिन हिमवतखण्ड साहित्यिक चलचित्र उत्सव, दोसो दिन हिमवतखड्ड बृहत सास्कृतिकोत्सव र तेसो दिन हिमवत खण्डका क्षेत्रका कविहरूको काव्य उत्सवसमेत हुनेछ। सम्मिलनमा विभिन्न मुलुक तथा नेपालभित्रका सात प्रदेशका विद्वानहरूले गोष्ठीपत्र प्रस्तुत गर्ने कार्यक्रम छ। बैठकमा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपतिहरू वैरागी काइला, गंगाप्रसाद उप्रेती, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति केके कर्माचार्य, सम्मिलनका सल्लाहकार डा.केशवप्रसाद सुवेदी, राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली, काठमाडौं महानगरपालिका उपप्रमुख सुनिता डंगोल, साहित्यकार डा.तुल्सीप्रसाद भट्टराई, संस्कृतिविद् डा.वीणा पौडेल, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीगायत सहभागी हुनुहुन्थ्यो।